# माडी नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय, बसन्तपुर, चितवन ।**

**बागमती प्रदेश, नेपाल**

| |
|---|
| **स्थानीय राजपत्र** |
| **माडी नगरपालिकाद्वारा प्रकाशित** |
| **खण्ड (१०), साल २०८३ आश्विन महिना १९ गते, संख्या ६** |

## भाग - २

### उपभोक्ता समिति गठन,परिचालन तथा ब्यबस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यबिधि, २०८३

**माडी नगरपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७४ बमोजिम बमोजिम माडी नगर कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## उपभोक्ता समिति गठन,परिचालन तथा ब्यबस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यबिधि, २०८३

माडी नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा ब्यबस्थापन सम्बन्धी कार्यबिधि, २०७५ मा पहिलो संशोधन गर्न वाञ्छनीय भएकोले, माडी नगरपालिकाको प्रशासकीय कार्यबिधि (नियमित गर्ने) ऐन, २०७४ बमोजिम माडी नगरपालिकाको नगर कार्यपालिकाले देहायको संशोधन गरेको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यबिधिको नाम उपभोक्ता समिति गठन,परिचालन तथा ब्यबस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यबिधि, २०८३ रहेको छ ।

(२) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

३) कार्यबिधिको दफा (४) पछि देहाय बमोजिमको दफां (४क) थप गरिएको छ।

दफा(४क) उपभोक्ता समिति दर्ता गर्नु पर्नेः यस कार्यबिधिमा जुन सुकै कुरा लेखिएको भए पनि समुदायमा गठन भएका उपभोक्ता समितिहरु अनिवार्य रुपमा अनुसुची १(क) बमोजमको बिधान र अनुसुची १(ख) बमोजिमको निबेदन सहित नगरपालिकामा दर्ता हुनु पर्नेछ । र दर्ता भएपछि नगरपालिकाले अनुसुची १(ग) बमोजिमको प्रमाण-पत्र जारी गर्नेछ ।

४) कार्यबिधिको अनुसुची १ पछि अनुसुची १(क), १(ख) र १(ग) थप गरिएको छ ।

अनुसुची १(क)

(कार्यबिधिको दफा ४(क) सँग सम्बन्धित)

उपभोक्ता समितिको बिधान

**प्रस्तावना**

स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत, साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी रोजगारी सिर्जना गर्ने, सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा नगरबासीको समग्र विकास मार्फत गाउँको विकासमा ठोस योगदान पुर्‍याउने उद्देश्यले यस उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान बनाइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस उपभोक्ता समितिको नामः ……………………………………………उपभोक्ता समिति हुनेछ।

(२) यो विधान उपभोक्ताहरूको आम भेलाबाट अनुमोदन भई नगरपालिका कार्यालयको दर्ता अधिकारीबाट स्वीकृति भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "समिति" भन्नाले
.......................................................................................उपभोक्ता समितिलाई सम्झनुपर्छ।

(ख) "विधान" भन्नाले
......................................................................................उपभोक्ता समितिको विधानलाई सम्झनुपर्छ।

(ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनका लागि राखिएको उपभोक्ताहरूको भेलालाई सम्झनुपर्छ।

(घ) "कार्यसमिति" भन्नाले कुनै पनि योजना सञ्चालनका लागि गठित उपभोक्ता समितिलाई सम्झनुपर्छ।

(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्छ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।

**३. संगठित संस्था हुने :**

(१) यो समिति एक संगठित संस्था हुनेछ।

(२) समितिको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ।

(३) समितिले चल-अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ। तर समितिले आफ्नो अचल सम्पत्ति बिक्री गर्न पाउने छैन। समिति विघटन भएमा सो समितिको सम्पूर्ण चल -अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ।

**४. उपभोक्ता समितिका उद्देश्यहरू :**

समितिका उद्देश्यहरू देहायबमोजिम हुनेछन् :

(क) स्थानीय स्रोत, साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गराउने।

(ख) आयोजनाको कार्यान्वयन तथा प्राप्त प्रतिफलमा लाभग्राहीहरूको समतामूलक पहुँच स्थापित गर्ने।

**५. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) सम्झौताबमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पन्न गर्ने।

(ख) उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने।

(ग) उपभोक्ता समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्यविभाजन तथा बाँडफाँड गर्ने।

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालयबाट स्वीकृति लिने।

(ङ) वातावरणीय सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भारमार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने।

(च) आयोजना सम्पन्न पश्चात् तोकिएको ढाँचाका कागजातहरू सहित समयमै फरफारकका लागि कार्यालयमा पेश गर्ने।

**६. खाता सञ्चालन :**

(१) उपभोक्ता समितिको खाता तोकिएको बैंकमा खोलिनेछ।

(२) समितिको खाता अध्यक्ष र सचिव वा कोषाध्यक्ष मध्येबाट एक जना गरी कम्तिमा दुई जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। खाता सञ्चालकहरू मध्ये कम्तीमा एक जना महिला हुनेछ।

**७. कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने तथा बैठकका लागि मिति, समय र स्थान तोक्ने।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरू लागू गर्ने, गराउने।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

(४) विशेष बैठकको आवश्यकता परेमा विधानबमोजिम बैठक बोलाउने।

(५) विधान बमोजिम अन्य कार्यहरू गर्ने।

**(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने।

(२) एक तिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखी निर्णय प्रमाणित गर्ने/गराउने।

(४) तोकिएका अन्य कार्यहरू गर्ने।

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने।

(२) बैंकमा खाता सञ्चालन गर्दा संयुक्त रूपमा खाता सञ्चालन गर्ने।

(३) संस्थाको नगद तथा जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने।

**८. आम भेलाको काम, कर्तव्य र अधिकार :**

आम भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यसमितिलाई अधिकार प्रत्यायोजन गर्ने।

(ख) कार्यसमितिको कुनै सदस्य वा सिङ्गो कार्य समितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने।

(ग) समितिको विधान संशोधन गर्ने।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

**९. आर्थिक व्यवस्थापन :**

समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ :

(क) नगरपालिकाबाट प्राप्त अनुदान।

(ख) जनश्रमदानबाट प्राप्त हुने आम्दानी।

(ग) संघ-संस्थाबाट नगद, जिन्सी तथा अन्य आम्दानी।

(घ) उपभोक्ता समितिबाट आयोजना/परियोजना/कार्यक्रम/योजना/क्रियाकलापमा गरिने लागत साझेदारीको रकम।

**१०. कार्यसमितिका पदाधिकारीको राजीनामा :**

(१) समितिका सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन्।

(२) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

**११. विविध :**

(१) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आम भेलामा पेश गर्नुपर्नेछ। आम भेलामा उपस्थित सदस्यहरूको कम्तिमा दुई तिहाइ बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ।

(२) यो विधान प्रचलित ऐन, नियमहरूसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

(३) उपभोक्ता समितिको विघटनः कुनै पनि योजनाको कार्यसम्पन्न भई सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात तथा माडी नगरपालिकाको आर्थिक सहयोगमा कार्यान्वयन भएका योजनाहरुको हकमा उक्त योजनाको अन्तिम लेखापरीक्षण पश्चात मात्र उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ । तर उपभोक्ता समितिबाट सञ्चालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरी प्रति सम्बन्धित उपभोक्ता समितिको जवाफदेहिता भने समाप्त हुने छैन ।

(४) संस्थाको छापको नमुना देहायबमोजिम हुनेछ ।

हामी..............................................................................................................
उपभोक्ता समितिका सदस्यहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न वडाका पदाधिकारीको रोहवरमा विधानमा सहिछाप गर्दछौ ।

| क.सं. | पद | पदाधिकारीको नाम, थर | नागरिकता प्रमाणपत्र नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

रोहवरः

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | | | |
| २ | वडा सदस्य | | | |
| ३ | वडा सदस्य | | | |
| ४ | वडा सदस्य | | | |
| ५ | वडा सदस्य | | | |

अनुसुची १(ख)

(कार्यबिधिको दफा ४(क) सँग सम्बन्धीत)

निबेदनको ढाँचा

मितिः.......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

माडी नगरपालिका, चितवन।

विषय : उपभोक्ता समिति दर्ता गरी पाउँ।

प्रस्तुत विषयमा माडी नगरपालिकाको आ.व.......... का लागि स्वीकृत योजना कार्यान्वयनको लागि मिति ................मा उपभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु।

उपभोक्ता समितिको नामः:
ठेगानाः:
अध्यक्षको नामः:
अध्यक्षको सम्पर्क नं.:

संलग्न कागजातहरूः:

१. वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको रोहवर/उपस्थितिमा आमभेलाको निर्णय र आम भेलाको एक प्रति फोटो,

२. कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि,

३. अनुसुची-१(क) बमोजिमको ढाँचामा दुई प्रति विधान।

..............................

निवेदक

अनुसुची १(ग)

(कार्यबिधिको दफा ४(क) सँग सम्बन्धीत)

प्रमाण-पत्रको ढाँचा

माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

बसन्तपुर, माडी, चितवन

बागमती प्रदेश,नेपाल

**उपभोक्ता समिति दर्ता प्रमाण-पत्र**

मितिः......................

दर्ता नं.

श्री.........................................

यस माडी नगरपालिकाको वडा नं...... मा बसेको टोलको सम्बन्धित उपभोक्ताहरुको आमभेलाबाट उपभोक्ता समिति गठन गर्ने निर्णय सहित दर्ताको लागि निवेदन प्राप्त भएको हुँदा यस कार्यालयको मिति.................... को निर्णयानुसार उपभोक्ता समिति दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत